# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ सङ्ख्याः ११ मितिः २०७७/०९/१२

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको कार्यविधि नं. १०**

# गौमुखी गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०८।३०**

**प्रस्तावनाः**

गौमुखी गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सविधालाई ब्यवस्थित गर्न बान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गौमुखी गाउँ कार्यपालिकाले यो **प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०७७**जारी गरेको छ।

१ **सक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "गौमुखी गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ।

२ **परिभाषाः** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "योजना" भन्नाले गौमुखी गाउँपालिकाभित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले गौमुखी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "प्राविधिक कर्मचारी" भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ।

(घ) "अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित  द्वितीय र तृतीय श्रेणी तथा "सहायकस्तर" भन्नाले राजपत्र अनँकित कर्मचारी सम्झनु पर्दछ।

३ **फील्ड भिजिटः** यस गौमुखी गाउँ कार्यपालिकामा कार्यरत अधिकृतस्तर तथा सहायकस्तर र मातहतका ७ वटै वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरुको प्रभावकारिताका साथ सञ्चालन तथा सम्पन्न गर्न गराउनको लागि योजनास्थलमै पुगि आ-आफ्नो तोकिएको पदीय कार्य जिम्मेवारी इमान्दारिताका साथ सम्पादन गर्नु पर्नेछ।

४ **फील्ड सुविधाः** फील्ड भिजिटमा जादा गौमुखी गाउँ कार्यपालिकाको कार्यालयबाट देहाय बमोजिमको फील्ड सुविधा पाईनेछ।

क) अधिकृतस्तर आठ हजार मात्र।

ख) सहायकस्तर छ हजार पाँच सय मात्र।

ग) प्राविधिक कर्मचारी पाँच हजार पाँच सय मात्र।

५ **भुक्तानीः** (१) दफा ४ बमोजिमको फील्ड सुविधा प्राप्त गर्न अनुसूची १ बमोजिमको ढाँचामा मासिक रुपमा न्यूनतम १२ दिन फील्ड भ्रमण गरेको मासिक फील्ड भ्रमण फाटँबारी प्रतिबेदन पेश गर्नु पर्नेछ।

(२) दफा ४ बमोजिमको फील्ड सुविधा गौमुखी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले मासिक फील्ड भ्रमण फाँटबारीको मूल्याङ्कन एवम् स्विकृत गरी फील्ड भत्ता बजेट शिर्षकबाट उपलब्ध गराउनेछ।तर कार्यविधि स्विकृत हुनुभन्दा अगाडीको हकमा यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

६ **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको ब्यवस्था सघीय वा प्रादेशिक कानून सग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ।

७ **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार गौमुखी गाउँ कार्यपालिकालाई हुनेछ।

८ **सशोधनः** यस कार्यविधिमा सशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

९ **बचाउः** यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची १

दफा ५ को उपदफा १ सग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौमुखी गाउँ कार्यपालिकाको कार्यालय
पुजा प्यूठान

**विषयः मासिक फील्ड भ्रमण फाँटबारी।**

मिति साल महिनामा यस गाउँपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फील्ड भ्रमण ब्यहोरा अनुरोध छ।

| सि न | फील्ड भ्रमण गरिएको वडा न र ठाँउ | योजनाको नाम | मिति | उद्देश्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

पेश गर्नेको
नाम थरः
दर्जाः
हस्ताक्षरः

स्वीकृत गर्नेको
नाम थरः
दर्जाः
हस्ताक्षरः

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत